स्थानीय सरकार

सम्पर्क नं.०२५-५४३०३०

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी

कोशी प्रदेश, नेपाल

प.सं.-२०८२/०८३

च.नं.-

दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश दुहवी, सुनसरी २०७२

## विज्ञप्ति

### "भ्रामक सूचना प्रसारण नगर्न/नगराउन सम्बन्धमा"

हाल विभिन्न सामाजिक सञ्जाल तथा अनलाइन समाचार माध्यमहरूमा सुनसरी जिल्लाको दुहवी नगरपालिका क्षेत्रभित्र अवैध रूपमा निर्माण गरिएका घर टहरा भत्काउने क्रममा नेपाल प्रहरी तथा नगर प्रहरीद्वारा महिलामाथि दुव्र्यवहार गरिएको भनी फोटो/भिडियोसहित प्रसारित भ्रामक सूचनाप्रति यस दुहवी नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ।

यस सम्बन्धमा स्पष्ट पार्दै जानकारी गराइन्छ कि मिति २०८३/०१/०२ गते दुहवी नगरपालिका वडा नं. १० स्थित रहेको ऐलानी जग्गा अतिक्रमण गरी अवैध रूपमा निर्माण गरिएका घर टहरा हटाउने क्रममा नगरपालिकाका कर्मचारी तथा स्थानीय जनप्रतिनिधिहरूको उपस्थितिमा कारबाही गरिएको थियो । सो क्रममा प्रयोग गरिएको JCB मेसिनमा केही व्यक्तिहरू झुन्डिएर अवरोध सिर्जना गर्ने प्रयास गर्दा सम्भावित दुर्घटना हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै सम्बन्धित व्यक्तिलाई सुरक्षित राख्ने उद्देश्यले नगर प्रहरी (महिला) ले नियन्त्रणमा लिन खोज्दा सो घटनालाई गलत ढंगले प्रस्तुत गर्दै महिलामाथि दुव्र्यवहार भएको भनी भ्रामक समाचार प्रसारण गरिएको पाइएको छ। उक्त घटनामा कुनै पनि प्रकारको दुव्र्यवहार नभएको स्पष्ट पार्दै यस्ता तथ्यहीन, भ्रामक तथा अतिरञ्जित समाचार तथा सामग्रीहरू प्रकाशन/प्रसारण नगर्न/नगराउन सम्बन्धित सबै सरोकारवालामा हार्दिक अनुरोध गरिन्छ।

२०८२/१/६

**सुवर्ण घिमिरे**

**प्रमुख प्रशासकीय अधिकृत**